# नेपालगञ्ज राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिकाद्धारा प्रकाशित

**खण्ड २) नेपालगञ्ज, श्रावण ८ गते, २०७५ साल (संख्या ८**

# भाग २

## नेपालगञ्ज उप–महानगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपपदफा २ बमोजिम नेपालगञ्ज उपमहानगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०७५/१/१५ गते स्वीकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७५ सालको नियम नं. ८

## नेपालगञ्ज उप–महानगरपालिकाको साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

# नेपालगञ्ज उप-महानगरपालिका

## साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

शहरी गरिवीका मूलभूत कारणहरुको सम्बोधन गरी असमान शक्ति सम्बन्धमा परिवर्तन ल्याउन सीमान्तकृत र गरिबीको अन्तरनिहित कारणहरुको बिश्लेषण गरि समुदायको सामाजिक, आर्थिक आय-आर्जन उकासी गरिवी न्यूनिकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा टेवा पुरयाउन वाञ्छनिए देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा- १०२ (२) दिएको अधिकार प्रयोग गरि नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/०१/१५ गतेको बैठकबाट साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ स्वीकृत गरि लागू गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

१. यस कार्यविधीको नाम “साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५” रहेको छ ।

२. यो कार्यविधी नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागू हुने छ ।

### परिच्छेद-२
### परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा:

क). “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सो अन्तर्गत् रही नेपालगञ्ज उप-महानगरपलिकाको नगर सभाबाट स्वीकृत भएका सवै ऐनहरु लाई सम्झनु पर्दछ ।

ख) “नियमावली” भन्नाले स्थानीय सरकार सञ्चालन ऐनको मातहतमा रही नगर सभाबाट स्वीकृत भै लागू भएको नियमावली लाई सम्झनु पर्दछ ।

ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

घ) "कार्यविधी" भन्नाले साझेदारी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ सम्झनु पर्दछ ।

ङ) "नगरपालिका" भन्नाले नेपालगंज उप-महानगरपालिकालाई सम्झनु पर्दछ ।

च) "नगर कार्यपालिका" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

छ) "नगर सभा" नेपालगञ्ज उप-महानगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

ज) "नगर प्रमुख" भन्नाले यस उप-महानगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

झ) "नगर उप-प्रमुख" भन्नाले यस उप-महानगरपालिकाका नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

ञ) "योजना" भन्नाले समुदाय भित्रका साना पूर्वाधार र आय-आर्जन सम्बन्धि एकल तथा सामूहिक व्यवसायिक योजना सम्झनुपर्दछ ।

ट) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला, बालवालिका र पिछडिएका वर्गहरु (सवै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडावर्ग) एवम् नेपाल सरकारले लक्षित समूह भनि तोकेका वर्ग र समुदाय सम्झनुपर्दछ ।

ठ) "कार्यदल" भन्नाले यस कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम ऋण परिचालनका लागि नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका बैठक बाट गठन भएको समितिलाई सम्झनु पर्दछ ।

ड) "संयोजक" भन्नाले यस कार्यविधीको दफा ११ मा उल्लेख भए बमोजिम गठन भएको कार्यदलको संयोजकलाई सम्झनु पर्दछ ।

ढ) "सदस्य" भन्नाले यस कार्यविधिको दफा ११ मा उल्लेख भए बमोजिम गठन भएको कार्यदलको सदस्य लाई सम्झनु पर्दछ ।

ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपालगञ्ज उ.म.न.पा. नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

त) "सदस्य-सचिव" भन्नाले संचालक समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

थ) "टोल स्तरीय संस्था" भन्नाले शहरी सामाजिक परिचालन प्रक्रिया मार्फत टोल तथा समुदायको संस्थागत, सामाजिक तथा आर्थिक विकासको लागि संगठित एक घर एक सदस्य को अवधारणामा आधारित तोकिएको भौगोलिक क्षेत्र भित्रको समुदाय द्धारा सूचिकृत समुदायस्तरको संस्थालाई सम्झनु पर्दछ ।

द) "बैठक" भन्नाले ऋण परिचालनका लागि यस कार्यविधिको दफा ११ को कार्यदल र दफा १० मा उल्लेखित टोलस्तरीय संस्थाको संयुक्त वा छुटाछुट्टै बैठक सम्झनु पर्दछ ।

ध) "सामाजिक परिचालक" भन्नाले कार्यबिधीको दफा ३ मा उल्लेख भएको कर्मचारी सम्झनु पर्दछ ।

(न) ''अनुसूची'' भन्नाले कार्यविधीको उद्देश्य परिपूर्तिका लागि परिच्छेद-७ अन्तरर्गत अनुसुचीहरुलाई जनाउनेछ ।

## परिच्छेद-३
## उद्देश्य

नगरपालिका साझेदारी विकास कार्यक्रमको मुख्य उद्देश्यहरु देहाय बमोजि हुनेछन ।

१) लक्षित समुदायको जीवनस्तरमा सुधार ल्याउन सामाजिक परिचालन प्रकृया मार्फत विकेन्द्रीकरण, शहरी सुशासन तथा जनसहभागिता प्रवर्द्धन गरी आर्थिक सामाजिक विकासको लागि उपयुक्त वातावरणको सिर्जना गर्दै गरिवी न्यूनिकरणको लागि मद्दत गर्ने ।

२) शहरी सेवा प्रभावकारी रुपमा जनसमक्ष पुर्‍याउन निजी तथा अन्य शहरी विकाससंग सम्बन्धित पक्षसंग आवश्यकता अनुसार साझेदारी गर्ने ।

३) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तिकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने ।

४) स्थानीय वासिन्दाहरुलाई अधिकारमा आधारित सेवा सुविधाको पहुँच सुनिश्चित गरि स्थानीय शासन प्रद्धतिको प्रवर्द्धन गर्न सहयोग पुर्‍याउने ।

५) समाजमा सवै व्यक्तिको सामाजिक, आर्थिक र समुदायको आवश्यकता पहिचान गरि अनुकुलन कार्यक्रम मार्फत् लाभान्वित हुने वातावरण सुनिश्चित गर्न विभिन्न आय आर्जनमूलक व्यवसाय सञ्चालनका लागि क्षमता विकास गरि स्वरोजगारमूलक व्यवसाय शुरु गर्नका लागि ऋण परिचालन गर्ने ।

## परिच्छेद-४
## साझेदारी विकास कार्यक्रमको स्थापना तथा संचालन

१. कार्यक्रम सञ्चालनका लागि देहायको रकम उप-महानगरपालिकाको खातामा मूल पूँजीको रुपमा रहनेछ । सो रकम यस कार्यविधीको उद्धेश्य परिपूर्तिका लागि स्थानीय लक्षित समूहमा ऋण लगानी गरिनेछ ।

### मूल पूँजी

क) यस उप-महानगरपालिकामा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को सहयोगमा विगतमा सञ्चालित गाऊ नगर साझेदारी विकास कार्यक्रम शिर्षकमा सचित रहेको रकम ।

ख) सो कार्यक्रम अन्तर्गत् विगतमा स्थानीय समुदायमा लगानी भै असुली गर्न बाँकी साँवा, व्याजका सम्बन्धमा नगर सभाबाट निर्णय भए बमोजिम असुली भै उठेको रकम,

(ग) नगरपालिकाबाट जम्मा भएको रकम,

(घ) बिभिन्न दातृ निकायबाट यस कार्यबिधिमा उल्लेख भएको उदेश्य परिपुर्तिका लागि प्राप्त भएको रकम,

**२. मूल पूँजी सञ्चालन**

क) साझेदारी विकास कार्यक्रममा सञ्चित रकमको खाता संचालन प्रक्रिया उप-महानगरपालिकाबाट तोके बमोजिम हुनेछ ।

ख) खर्च गर्ने प्रक्रिया समेत तोकिए बमोजिम नै गरिनेछ ।

**३. जनशक्ति व्यवस्थापन**

यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि आवश्यक जनशक्तिको रुपमा २ जना सामाजिक परिचालक (खरिदार स्तर) को व्यवस्थापन गरिनेछ । निजहरुको पारिश्रमिक लगायतको सेवा, सुबिधा यसै कार्यक्रमबाट उपलब्ध गराइनेछ ।

## परिच्छेद-५
## टोलस्तरीय संस्थाको गठन तथा सञ्चालन

१. प्रत्येक वडाको टोल/समुदायमा बस्ने व्यक्तिहरुद्धारा सामाजिक, आर्थिक उन्नति गर्ने उद्धेश्यले संगठित भै सामुहिक तथा व्यक्तिगत आयआर्जनमा प्रतिवद्ध हुन टोलस्तरीय संस्था सम्बन्धी निर्देशिका, २०७४ बमोजिम टोलस्तरीय संस्था गठन गरि सो को निर्णय सहित सम्बन्धित वडा कार्यालयमा सूचिकृत हुनुपर्नेछ ।

२. यसरी गठन भै वडा कार्यालयमा सूचीकृत भएका टोलस्तरीय संस्थाहरुलाई सूचीकृत भएको प्रमाणपत्र सम्बन्धित वडा कार्यालयले उपलब्ध गराउनुपनेछ ।

३. सूचीकृत भएका संस्थाहरुको बैठक सञ्चालन तथा अन्य कामहरुका सम्बन्धमा टोलस्तरीय संस्था सम्बन्धी निर्देशिका, २०७४ बमोजिम नै हुनेछ ।

## परिच्छेद-६
## लगानीका क्षेत्र पहिचान

विगतमा गरिएका विकासका प्रयासहरुले यस उप-महानगरपालिकाको मानवीय अवस्थामा सामान्य परिवर्तन ल्याएता पनि गरिब र धनी विचको दूरे

बढ्दै गयो । विकासको दुवै पक्ष भौतिक र सामाजिक क्षेत्रलाई सन्तुलित ढंगले अगाडी बढाउन नसके सम्पन्नता र विपन्नता विचको खाडल झनै तिव्र हुने देखिएकोले अवको हाम्रो विकास **“गरिब सँग स्थानीय सरकार”** को अवधारणामा रही विपन्नताको माग र आवश्यक्ता विश्लेषण गरि आवश्यक्ताका आधारमा आयआर्जनमा टेवा पुग्ने कार्यक्रम छनौट गरि क्षमता विकासका माध्यमबाट स्वरोजगार र स्थानीय स्रोतको समुचित दोहन हुनसक्ने व्यवसायमा लगानी गर्न देहायको विधी अपनाईने छ ।

**१.समस्याको प्राथमिकता** :

टोल स्तरिय संस्थाका समस्यालाई प्राथमिकता निर्धारण गर्न निम्नलिखित चरणहरुलाई ध्यान दिनु पर्नेछ :

क) समस्याको सुची बनाउने ।

ख) समस्याहरुलाई श्रोतगत आधारमा छुट्याउने ।

ग) उपस्थित सहभागीहरुको सहभागितात्मक छलफलबाट सामाजिक, आर्थिक समस्या के हो सो बारेमा पहिचान गर्नुपर्नेछ ।

**२.समस्याको बिश्लेषण :**

समुदायमा बस्ने व्यक्तिहरुको समस्या दुई प्रकारको हुन्छ, एउटा आफ्नै परिवार भित्रको जीविकोपार्जनका लागि आय-आर्जन र अर्को समुदाय भित्रको साना भौतिक पूर्वाधार जसले समुदायको दैनिक जीवन चर्या संग जोडिएको हुन्छ । जसको बिश्लेषण निम्नानुसार छ :

क) आय आर्जनमा प्रत्यक्ष लाभान्वित हुनसक्ने व्यवसायिक योजना : आयमूलक जस्तैः बेमौसमी तरकारी खेती, फलफूल व्ययवसाय, नर्सरी व्यवसाय, च्याउ खेती, कुखुरापालन, बंगुरपालन र अन्य आमयूलक पसलहरु संचालनका लागि क्षमता बिकासका तालिम, बजारमा बढी माग हुने खालका सामाग्री निर्माण गर्ने तालिम जस्तै : चिप्स, दालमोठ तालिम, चाउमिन उत्पादनको तालिम साथै लगानी बितरण आदी ।

ख) भौतिक पूर्वाधार सम्बन्धि साना योजनाहरु जस्तै :- साना पुल पुलेसा, खानेपानीका धारा, पाटीपौवा, आदी समस्याहरुलाई निम्नानुसार वर्गीकरण गर्ने :-

क) टोल तह : एक भन्दा बढी घरलाई असर गर्ने

ख) वार्ड तह : एक भन्दा बढी टोललाई असर गर्ने

ग) नगर तह : एक भन्दा बढी  वडालाई असर पार्ने

उल्लेखित योजनाहरुको हकमा छलफल गरि कार्यान्वयनको लागि नगर कार्यपालिकामा सिफारिस गर्ने ।

**३) आवश्यकता बिश्लेषण तथा छनौट :**

समुदायको छलफल पश्चात देखिएका दोहोरोपन हटाई सम्भावित आयआर्जन सम्बन्धि व्यवसाय तथा साना पूर्वाधारको योजनालाई संकलन गरि आवश्यक्ताको बिश्लेषण पछि छनौट प्रक्रियाको शुरुवात पारिनेछ । यसका लागि समुदायको प्रतिनिधत्व गराई पूर्व सुचना संकलन, स्थलगत भ्रमणको बिषय र स्रोत निर्धारण पश्चात् लक्षित समूह बिच छलफल गराएर उनीहरुले महशुस गरेका आवश्यकताहरुलाई पत्ता लगाई योजनामा समाबेश गर्न सकिनेछ । आवश्यकता बिश्लेषण र योजना छनौट गर्दा मुलतः आर्थिक तथा प्राबिधिक सम्भाव्यता गम्भिर रुपले अध्ययन गरिनेछ ।

**४.आयोजना र व्यवसायको उत्पत्ति :**

कुनै पनि आयोजना तथा व्यवसायहरु सिर्जना गर्न देहायका कुराहरुलाई ध्यान दिनुपर्नेछ ।

क) जनताको आवश्यकता र चाहना झल्कने हुनुपर्दछ ।

ख) आयोजना क्षेत्र सँग सम्बन्धित हुनुपर्दछ ।

ग) क्षेत्रसँग सम्बन्धित सम्भावनालाई ध्यान दिनुपर्दछ ।

घ) वातावरण अनुकुल उन्मुख व्यवसाय र योजना

ङ) स्थानीय श्रोत र साधनको समुचित प्रयोग हुने खालका योजना र कार्यक्रम

## ५. योजना तथा उद्यम व्यवसायको प्राथमिकीकरण

५.१ भौतिक योजनाहरुलाई टोल स्तरिय तथा वडा स्तरिय तहमा वर्गीकरण गरी प्राथमिकीकरण गर्नुपर्नेछ।

५.२ व्यवसाय सम्बन्धि योजनाहरुलाई व्यक्तिगत र समूह स्तरमा वर्गीकरण गरि प्राथमिकीकरण गर्नुपर्नेछ।

५.२ समुदायको जीविकोपार्जनका लागि न्यूनतम आवश्यकता पुरा गर्नसक्ने, नसक्ने समस्या तथा सम्भावनाका क्षेत्रहरुलाई बिश्लेषण गरी छोटो अबधीमा बढी प्रतिफलमुखी योजनाहरुको प्राथमिकीकरण गर्नुपर्नेछ।

## ६.श्रोत बिश्लेषण :

६.१ प्रभावकारी रुपमा योजना कार्यान्वयनको लागि योजना चक्रमा श्रोत विश्लेषण, लेखाजोखा कार्य महत्वपूर्ण पक्ष भएकोले योजनाको कार्यान्वयन गर्नुपूर्व आशतित श्रोत तथा साधनलाई दुई भागमा वर्गिकरण गरिएको छ, जस अर्न्तगत :

क) आन्तरिक श्रोत : योजना संचालनका लागि स्थानीय श्रोत साधनको अबस्था बारेमा बिश्लेषण गर्नु पर्नेछ :

ख) जनशक्ति : योजना संचालनका लागि के कस्तो जनशक्ति कति परिणाममा कहिले सम्म आवश्यक पर्ने हो स्थानीय स्तरमा उपलब्ध हुन्छ, हुदैन आदी विषयमा अध्ययन गर्नु पर्नेछ।

ग) सामाग्री र औजार : के कस्ता सामग्रीहरु कति परिणाममा कहाँबाट उपलब्ध हुने हो सूची तयार गर्ने।

ऋण लगानी फाइल, सम्झौता पत्र, प्रमोसरी नोट, मञ्जुरीनामा, ऋण सुबिधा फारम, परियोजना प्रस्ताव, ब्यक्तिगत आधारभुत सुचना फारम आदी।

**७. समन्वय :** कार्यक्रमको दोहोरोपन हटाउनका लागि वडामा कार्यरत अन्तर निकाय संघ सस्थाहरुसँग समन्वय गर्नुर्नेछ।

७.१ टोल स्तरिय संस्थाका सदस्यहरुसँग छलफल गरी टोल विकासका समस्याहरु केलाउने ।

७.२ छलफल पश्चात् आवश्यक्ता देखिएका विषयगत क्षेत्रका वारेमा अन्य संघ संस्थाहरुबाट भैरहेका क्रियाकलापहरुका सम्बन्धमा समेत समन्वय गरि समुदाय भित्रका साना पूर्वाधार सहितको उद्यम व्यवसाय योजना तयार गरिनेछ ।

## ८. उद्यम विकास योजनाको चरण

८.१ उद्यम प्रस्ताव फारम वितरण : व्यवसायिक उद्यम बिकास योजना तयार भै सकेछि सम्बन्धित उद्यम गर्ने समूहलाई सो बमोजिम उद्यमका लागि उद्यम प्रस्ताव फारम तयार गरी वितरण गरिनेछ । र फारम भर्नका लागि सम्बन्धित समूहका सदस्यहरुलाई अनुशिक्षण दिनुपर्नेछ ।

८.२ फारममा उद्यम सम्बन्धि सामान्य विवरण : कुल लगानी, श्रोत साधन, त्यसबाट हुने अपेक्षित प्रतिफल तथा ऋण फिर्ता गर्ने प्रक्रिया र बिधिका बारेमा जानकारी दिनुपर्नेछ । यसका आधारमा सम्बन्धित उद्यमी समुहहरुले फारम भरी आफ्नो टोल स्तरिय संस्थामा बुझाउनु पर्नेछ ।

## ९.उद्यम पहिचान :

९.१ उद्यम संचालनका लागि संकलन भएका फारमहरुको सम्बन्धित टोल स्तरिय संस्थाले उद्यम पहिचान प्रक्रिया र प्राप्त हुने प्रतिफल सम्बन्धमा छलफलका लागि बैठक राख्नु पर्नेछ ।

९.२ उक्त बैठकमा उद्यमीले प्रस्ताबित उद्यमका बारेमा कत्तिको जानेको बुझेको छ सो सम्बन्धमा निम्न सूचकहरुलाई परिक्षण गर्नु पर्नेछ ।

(क) माग गरिएको उद्यमको संख्या र किसिम

(ख) कुल लगानी र ऋणको आवश्यकता

(ग) उत्पादन तथा उत्पादकत्व

(घ) बजार व्यवस्थापन, प्रबिधि, मुल्य, परिमाण, नाफा, भण्डार, कच्चा पदार्थको प्रयाप्तता र त्यसको प्याकिङ आदी

(ङ) मानव श्रोत तथा त्यसको प्रयाप्तता

(च) अन्य सेवाहरुको सहयोग र त्यसको प्रयाप्तता

यसका अलावा उद्यम पहिचान गर्न ध्यान दिनुपर्ने कुराहरु

(क) सकेसम्म स्थानीय श्रम, सीप, श्रोत सबै कच्चा पदार्थको प्रयोग हुने

(ख) सामुदायिक संस्थाका सदस्यहरुबाट नै शुरुवात र संचालन गर्न सकिने

(ग) महिलाहरुलाई बढी सहभागिता हुने (घ) वाताबरण अनुकुलन हुने ।

(ख) तालिम प्राप्त उद्यमीलाई पहिलो प्राथमिकता दिने ।

## १०. ऋण लगानी

१०.१ यसरी बनेको व्यवसायिक योजनाका आधारमा व्यक्तिगत तथा समूहगत लगानीका लागी टोल स्तरिय संस्थाको निर्णयका आधारमा साना भौतिक पूर्वाधार विकास गर्न सम्बन्धित वडा कार्यालय र नेपालगञ्ज उप-महानगरपालिकामा पेश गर्नुपर्नेछ र पहिचान गरिएका व्यवसाय सञ्चालनका लागि ऋण लगानी गरिनेछ । समूहगत लगानीका लागी आवश्यक कागजातहरु :

क) टोल स्तरिय सस्थाको बैठकको निर्णय प्रतिलिपी

ख) समूहका व्यक्तिहरुको नेपाली नागरिकताको प्रतिलिपी

ग) वडा कार्यालयको सिफारिस

घ) व्यवसायिक लगानी योजना

ब्यक्तिगत लगानीका लागि देहायका कागजातहरु संलग्न हुनुपर्नेछ :

क) टोल स्तरिय संस्थाले जिम्मेवारी बहन गर्ने गरि ऋण दिने विषयमा गरेको बैठको निर्णय प्रतिलिपी

ख) ऋण लिने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी

ग) वडा कार्यालयको सिफारिस

घ) व्यवसायीक लगानी योजना

(ङ) तीन पुस्ते खुल्ने विवरण

(च) सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र, पान नम्बर समेत भएको

१०.२ यसरी दिइने ऋणहरुको अधिकतम सीमा व्यवसायको प्रकृति हेरी होलसेल व्यवसायका लागि अधिकतम रु.१,००,०००/- र समुहगत साना व्यवसायिक लगानीका लागि अधिकतम रु ५०,०००/- र व्यक्तिगत साना व्यवसायका लागि रु.२५,०००/- सम्म नेपालगञ्ज उप-महानगरपालिका बाट उपलब्ध हुनेछ ।

१०.३ यस उप-महानगरपालिका क्षेत्रमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.४ व्याजदरको सीमा वार्षिक सयकडा १० प्रतिशतले हुने रकम र साँवा मासिक बुझाउनु पर्नेछ ।

१०.५ ऋण फिर्ता गर्ने प्रक्रिया र बिधि

(क) तोकिएको समयमा साँवा र ब्याज बुझाउनु पर्ने छ ।

(ख) प्रत्येक महिनाको अन्तिममा सावा र व्याज घट्दो क्रमले बुझाउनु पर्ने छ ।

(ग) प्रत्येक महिनामा तोकिएको किस्ता नआए सो किस्ताको १.५% व्याज थप गरी बुझाउनु पर्नेछ ।

(घ) साँवा र व्याज नतिरे सम्बन्धित समूह नै जिम्मेवार हुनुपर्नेछ ।

(ङ) समुह वा व्यक्तिगत लगानी गर्दा वडा कार्यालयको सिफारिस अनिवार्य हुनेछ ।

(च) ऋण लगानीको रकमको आधारमा चुक्ता गर्ने समयाबधि निम्नानुसार हुनेछ :

रु.१,००००० /- (एक लाख) को हकमा १८ महिना,

रु.५०००० /- (पचास हजार) सम्मको हकमा १२ महिना

(छ) सावाँ र व्याज तोकिएको अबधि अगावै बुझाउन सकिने छ ।

११. साझेदारी विकास कार्यदल यस कार्यविधी अनुसारका योजनाहरुको अन्तिम प्राथमिकरण भै सकेपछि कार्यान्वयन चरणमा प्रवेशका लागि निर्णय

गर्न नगर कार्यपालिकाको बैठकद्वारा यस अघी नै तोकीसकेको कार्यदलले नै काम गर्नेछ ।

संयोजक - १ जना

सदस्यहरु - ४ जना

सदस्य सचिव - सामाजिक बिकास शाखा प्रमुख

उक्त कार्यदल बैठकमा आवश्यकता अनुसार नगर प्रमुख, उप-प्रमुख तथा योजना तथा ऋण लगानी हुने वडाका सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रित गर्न सकिनेछ ।

कार्यदलको काम, कर्तव्य र अधिकार :

क) गरिवी न्यूनिकरण गर्न उचित मार्गदर्शन एवं परामर्श दिने,

ख) ऋण लगानीका लागि पेश भएका उद्यम, व्यवसायका वारेमा आवश्यक निर्णय गर्ने,

ग) समग्र कार्यक्रमको अनुगमन, मूल्याङ्कन गरि आवश्यक पृष्ठपोषण गर्ने ।

घ) ऋण लगानी सम्बन्धी निर्णय गर्ने या नगर्ने अधिकार यसै कार्यदलमा निहित रहनेछ ।

ङ) ऋण लगानी र असुली सम्बन्धि बिभिन्न फर्मेट, रजिष्टरहरुको नमूना तयार गरी लागु गराउने ।

१२. यस कार्यविधी अनुसारका प्रक्रिया पुरा गर्नका लागि आवश्यक पर्ने अनुसूची फारमहरु परिच्छेद ८ मा उल्लेख गरिएको छ र सोभा परिमार्जन गर्नु परेमा कार्यदल बैठकबाट गर्न सकिनेछ ।

## परिच्छेद-७

१३. बाधा अडकाउ तथा संशोधन : कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ तथा आवश्यक संशोधन गर्नु परेमा नगर कार्यपालिका बैठकबाट गर्न सकिनेछ ।

# परिच्छेद-८

## अनुसूचीहरु

## अनुसूची-१

### नेपालगञ्ज उप-महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके

### साझेदारी विकास कार्यक्रम

**उद्यमको नाम : -**

**वडा न.:-**

**टोल बिकास संस्था :**

**तालीम लिएको मिति :**

**उद्यमी समुहको मुख्य व्यक्ति : -**

**सम्पर्क ठेगाना : -**

**परिपक्कताको प्रमाण पत्र प्रदान गरेको मिति : -**

**ऋणको प्रकार : -**

**माग गरेको ऋण रकम रु.: -**

**कार्यदलको निर्णय मिति :-**

**ऋण वितरण मिति : -**

**स्वीकृत रकम : -** **ऋण नं. : -**

**किस्ता : -** **ब्याज दर : -**

**उद्यमी समुहका सदस्यहरुको विवरण :**

| आदीबासी | जनजाती | दलित | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| | | | | | | | |

**मासिक किस्ता रकम रु........................../मासिक**

**किस्ता तालिका :-**

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **मिति** | | | | | | | | | | | | |
| **रकम** | | | | | | | | | | | | |

**सामुदायिक परिचालकको नाम : -**

# अनुसूची-२

## नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके
## साझेदारी बिकास कार्यक्रम
## प्रोमोसरी नोट

रु.

अक्षेरुपी रु.

हामीले हाम्रो ..........................................................................समुह र नेपालगञ्ज उप-महानगरपालिका,साझेदारी विकास कोष बीच भएको सम्झौता अनुसार गर्ने भनिएको उद्यममा मात्र लगानी गर्ने गरी चेक नं.........................................बाट माथी उल्लेखित रकम प्राप्त गर्‍यौ । सो रकम भुक्तानी तालिकामा तोकिए बमोजिम र सम्झौतामा उल्लेखित अबधि भित्र भुक्तानी फिर्ता गर्न मंजुर भई आर्थिक तथा सामाजिक उन्नती तर्फ अग्रसर रहने प्रतिबद्धता जाहेर गर्दछौ ।

उद्यम समुहको तर्फबाट

१. ....................................... .......................................

२. ....................................... .......................................

३. ....................................... .......................................

४. ....................................... .......................................

५. ....................................... .......................................

मिति ....................................... शुभम् ।

# अनुसूची-३

## नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके
## साझेदारी बिकास कार्यक्रम

## सम्झौता - पत्र

नेपालगञ्ज उप-महानगरपालिका साझेदारी विकास कार्यक्रम (यस पछि प्रथम पक्ष भनिने) र मिति २०....... मा...................................... कार्यालयमा दर्ता भएको ................................नामको संस्था/फर्म साझेदारी कम्पनी / समुहको तर्फबाट अख्तियार प्राप्त, जिल्ला बाँके नेपालगञ्ज.................................... ................................टोलमा बस्ने श्री/श्रीमती.................को छोरा/छोरी/पत्नी बर्ष ................को श्री/श्रीमती/सुश्री ..................................................(यसपछि दोश्रो पक्ष भनिने) दुबै पक्ष बिच देहायका शर्तका अधिनमा कारोबार गर्न सहमति भएको हुँदा दुबै पक्ष बिच यो सम्झौता पत्र तयार गरी लियौ ।

### सम्झौताका शर्तहरु

१. पहिलो पक्षबाट प्राप्त भएको कूल रकम रु. ..................................( अक्षेरुपी ............................

.........................................मात्र) दोस्रो पक्षले .............................................प्रयोजनका लागि मात्र उपयोगी गर्नेछ ।

२. प्राप्त भएको ऋण सुबिधा/विज पूजीको व्याज/सेवा शुल्क: बापत बार्षिक ............% का दरले दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तान गर्नेछ ।

३. सम्झौता अनुसारको ऋण सुबिधा /विज पूजी धन दोस्रो पक्ष ..........................................समय भित्रमा अर्धबार्षिक/त्रैमासिक/मासिक रुपमा उल्लेख भए बमोजिम भुक्तान गर्नेछ ।

४. दोस्रो पक्षले परियोजना प्रस्ताव र ऋण सुबिधा/विज पूँजीको दरखास्तमा मन्जुर गरे बमोजिम रु. ......... अक्षेरुपी.........................................) लगानी गर्नेछ ।

५. दोस्रो पक्षले, माँग गरे बमोजिम र यस सम्झौता पत्रमा उल्लेख भए बमोजिमको ऋण सुबिधा/विज पूजीको रकम प्रमोसरी नोटमा सहीछाप गरी चेक/जिन्सी आपसी सहमतिका आधारमा पहिलो पक्षले उपलब्ध गराउनेछ ।

६.यस सम्झौता बमोजिम र यस सम्झौता पत्रमा उल्लेख भए बमोजिमको ऋण सुबिधा/विज पुँजीको रकम प्रामेसरी नोटमा सहीछाप गरी चेक/ जिन्सी आपसी सहमतीका आधारमा पहिलो पक्षले उपलब्ध गराउनेछ ।

७. पहिलो पक्षले निरीक्षणको सिलसिलामा दिएका सल्लाह सुझाव /निर्देशनहरुलाई दोस्रो पक्षले अनिवार्य रुपमा पालना गर्नेछ ।

८. दोस्रो पक्षले सम्झौता बमोजिम लिएको ऋण/विज पूँजी सुबिधाको दुरुपयोग गरेमा वा निरीक्षणको सिलसिलामा दिइएका निर्देशनहरुलाई पालना नगरेमा पहिलो पक्षले मुनासिव माफिकको समय दिई परियोजना रोक्का गरी लगानी फिर्ता वा अन्य कार्यवाही गर्न सक्नेछ ।

९. सम्झौता बमोजिम काम नभएमा पहिलो पक्षले दोस्रो पक्षलाई स्मरण पत्र जारी गरी सार्वजनिक पत्र-पत्रिका तथा सार्वजनिक स्थानमा सूचना प्रकाशन गर्न र दोस्रो पक्षको चल, अचल सम्पत्ति वा जायजेथा लिलाम बिक्रि गरी असुल उपर गर्न सक्नेछ ।

१०.सम्झौता बमोजिम दोस्रो पक्षले मञ्जुर गरे अनुसार काम नगरेमा वा भुक्तानी तालिका बमोजिम ऋण सुबिधा/विज पूजा रकम फिर्ता नगरेमा वा दुरुपयोग गरेमा पहिलो पक्षले सरकारी बाँकी सरह असूल उपर गराउने तर्फ आवश्यक कार्यवाही गर्न सक्नेछ ।

११. यस सम्झौता पत्रमा उल्लेखित शर्त र यसबाट पर्नसक्ने परिणाम समेत सुनी बुझी सो बमोजिम गर्न दुबै पक्षको मन्जुरी छ । सम्झौता पत्रको

विपरित कुनै पनि पक्षबाट खिचोला उजुर बाजर गर्ने छैनौं । गरेमा स्वतः बदर मानिनेछ ।

उपरोक्त बुँदाहरु बमोजिम शर्त पालना गर्न दुबै पक्ष मञ्जुर भएको हुनाले यस सम्झौता पत्रमा निम्नानुसारका अख्तियार प्राप्त व्यक्तिहरुले सहीछाप गरिलियौं/दियौं ।

व्यक्ति
उद्यमी समुहको तर्फबाट
नगर कार्यपालिका कार्यालय
टोल बिकास संस्थाको तर्फबाट
नेपालगञ्ज बाँकेको तर्फबाट

| | |
|---|---|
| नेपालगञ्ज उप-महानगरपालिका | |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| दर्जा : | दर्जा : |
| मिति : | मिति : |

# अनुसूची-४

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नेपालगञ्ज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके ।

**विषय :** जानकारी सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं....... अन्तर्गत ..................... टोल बिकास संस्थाका सदस्य हामी म तपसिलमा उल्लेखित व्यक्तिहरुले कुनै पनि बित्तिय संध संस्थाबाट ऋण लिएका छैनौ र यदि पछि कार्यक्रमको तर्फबाट बुझ्दा ऋण लिएको प्रमाणित भएमा कार्यक्रमको नियमानुसार कारबाही भोग्न मंजुर छौ । लेखिएको व्यहोरा ठिक साँचो छ भनि सहिछाप गर्ने हामी देहायका व्यक्तिहरु :

## तपसिल

| नाम | दाँया | बाँया |
|---|---|---|

हस्ताक्षर

१. ...................

२. ......................

३. .......................

४. ......................

५. .....................

# अनुसूची-५

मिति :२० / /

श्रीमान वडा अध्यक्ष ज्यू,
नेपालगञ्ज उप-महानगरपालिका
..........वडा कार्यालय
नेपालगञ्ज बाँके ।

विषय : सिफारिस पाउँ बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा नेपालगञ्ज उप-महानगरपालिका वडा नं.........मा रहेका यस ........................ टोल बिकास संस्थाको मिति ............................को बैठकको संलग्न निर्णय अनुसार निम्न उद्यमी व्यवसायीहरुलाई ....................................................व्यवसाय सञ्चालन गर्नको लागी ऋण सहयोग पाउन नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगञ्जको नाममा सिफारिस दिनहुन अनुरोध छ ।

उद्यम समुह : व्यक्तिगत/समुहगत
माग गरिएको रकम :
सदस्यहरु
१.
२.
३.
४.
५.

निबेदक

# अनुसूची-६

## नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके
## साझेदारी बिकास कार्यक्रम
## ऋण सुबिधा /विउ पूँजीको दरखास्त

फोटो

१. उद्यमको नाम : ......................................................................
२. ठेगाना : (फोन नं.समेत) ............................................................
.............................................................................................
३. दर्ता नं.................................................................................
४. दर्ता मिति ...........................................................................
५. दर्ता भएको कार्यालय.................................................................
६. प्रमाण पत्र नं........................................................................
७. कारोबारको विवरण ....................................................................

८. प्रोपराइटर/पार्टनर/प्रबन्ध सञ्चालक/अध्यक्षको
नाम :
ठेगाना :
नगरिकता :

व्यक्तिगत बिवरण :

| |
|---|
| |

(हाल प्रति महिना/वर्षका आय (Income level)

९. सम्पर्क व्यक्तिको नाम/ठेगाना/फोन नं. समेत

.......................................................................................

.......................................................................................

.......................................................................................

१०. आफुले लगानी गर्ने रकम रु.................................................

११. माग गरेको ऋण सुबिधा रु.....................................................

१२. माग गरेको विउ पूजीको सुबिधा रु.........................................

१३.ऋण सुबिधा/विउ पूँजीको अबधि ..........................................

१४. ऋण सुबिधा/विज पूँजीको प्रयोजन :

| |
|---|
| |

१५. संलग्न कागजातहरु :

(क) नागरिकता प्रतिलिपी

(ख) फर्म दर्ता प्रमाणपत्र

(ग) प्रबन्धपत्र/नियमावली/बिधान प्रतिलिपी

(घ) सुबिधा माग गर्ने निर्णयको उत्तार

(ङ) अन्य

मिति :.................

(**द्रष्टव्य :** आवश्यक ठानिएमा जमानी/ धितो लिइने छ ।)

निबेदकको दस्तखत

१६.सामुदायिक परिचालकको राय :

मिति ......................................

.....................................

सामुदायिक परिचालकको दस्तखत

१७. प्रमुखको राय

मिति : ....................................

बित्त अधिकृत/शाखा प्रमुखको दस्तखत

१८. साझेदारी विकास कार्यदलको निर्णय :

यस कार्यदलको मिति ............................गते भएको निर्णय अनुसार हामी यस दरखास्तमा उल्लेखित निबेदक

...................................................................................................

.......................................................

लाई माग बमोजिमको रकम ऋृण सुबिधा/विज पूँजी प्रदान गर्न स्विकृति दिन्छौ । यस ऋृण/विज पूँजीको निमित्त सामाजिक जमानत (social Collateral) प्रदान गर्दछ । र यसको असुलिमा आवश्यक कार्यवाही गर्ने जिम्मेवारी समेत लिइएको छ ।

संयोजकको दस्तखत :

नामथर :

मिति : .....................

कार्यक्रमको छाप

# अनुसूची-७

## नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके

साझेदारी बिकास कार्यक्रम

परियोजना प्रस्ताव (Scheme)

१. उद्यमीको नाम :

ठेगाना :

पुर्व अनुभव :

२.उद्यम : चालु/नयाँ

उद्यम गर्ने स्थान :

उद्यमको प्रकृति :

.................................................................................................................

.................................................................................................................

.................................................................................................................

उद्यमको बजार क्षेत्र..............................................................................................

.................................................................................................................

.................................................................................................................

कच्चा पदार्थको श्रोत स्थानीय /बाह्य

३.लागत

(क) स्थीर पुँजी

(१) मेशीन रु. ............................

(२) घर रु. ............................

(३) जग्गा रु. ..............................

(४) अन्य रु. .............................

(ख) चालु पुँजी

(१) कच्चा माल/सामान रु. ............................

(२) ज्याला रु. ..............................

(३) जग्गा रु. ..............................

(४) मर्मत संभार रु. ..............................

(५) तलव रु. ..............................

(६) सञ्चालन खर्च रु. ...............................

(७) अन्य रु. ...............................

(ग) कुल पूँजी लगानी (क+ख)

४.लगानीको श्रोतहरु

(क) आफुले लगानी गर्ने रकम .....................................................

(ख) ॠण सुबिधा ...............................................................

५.मासिक उत्पादन परिमाणहरु

(क) बिक्री

| सि.न. | विवरण | परिमाण | इकाई | दर | जम्मा मुल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| | जम्मा बिक्री : | | | | |

(ख) मासिक चल खर्च

(१) कच्चा पदार्थ

| सि.न. | विवरण | परिमाण | इकाई | दर | जम्मा मुल्य |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| | जम्मा कच्चा पदार्थ : | | | | |

२.ज्याला रु. ..................................

३. विद्युत तथा पानी रु.....................................

४. ढुवानी रु. .....................................

५. अन्य रु. .....................................

जम्मा चल खर्च रु. .....................................

(ग) कुल मुनाफा (क-ख) रु. ..................................

बार्षिक मुनाफा (ग× ) रु. ...............................

तयार गर्नेको दस्तखत :

नामथर :

पद :

मिति :

## अनुसूची-८

# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके

## साझेदारी विकास कार्यक्रम

## सामूदायिक उद्योगको व्यक्तिगत साझेदारको आधारभुत सूचना

उद्यम समुहको नाम : ..........................................................
टोल विकास संस्था ..............................................................
उद्यमको किसिम : .................................................... नेपालगंज उ.म.न.पा. वार्ड नं....................

१.साझेदार व्यवसायीको नाम : ................................................

२.लिंग ...........पुरुष ..................महिला ...............

३.उमेर..................

४.परिवार : पुरुष ............................ महिला...................

जम्मा..............................................

५.शैक्षिक स्तर :

| लिंग | शैक्षिक स्तर र संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| १. पुरुष | अशिक्षित | प्राथमिक | नि.मा.वि. | मा.वि. | क्याम्पस | जम्मा |
| २. महिला | | | | | | |
| जम्मा | | | | | | |

६.रोजगारीको संरचना :

| प्रकार | संख्या र लिंग | | जम्मा | कैफियत |
|---|---|---|---|---|
| | लिंग | संख्या | | |
| १. कृषि | | | | |
| २. व्यापार | | | | |
| ३. सेवा | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४. मजदुर | | | | |
| ५. जम्मा | | | | |

७. पारिवारिक सदस्यको आम्दानी स्तर र रोजगार

| क.स. | आयको स्तर/महिला | चिन्ह लगाउने | रोजगार व्यक्तिको संख्या |
|---|---|---|---|
| १. | ≤१००० | | |
| २. | १०००-२००० | | |
| ३. | २०००-३००० | | |
| ४. | ३०००-४००० | | |
| ५. | ४०००-५००० | | |
| ६. | ५०००-६००० | | |
| ७. | ६०००-७००० | | |
| ८. | ७०००-८००० | | |
| ९. | ८०००-९००० | | |
| १०. | ≥१०००० | | |

८. आफुसँग भएका जग्गा जमीन :

| प्रकार | जग्गाको क्षेत्रफल | स्वामित्वका प्रकार | जम्मा |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| जम्मा | | | |

९.पशुपंक्षीको अबस्था :

| पशुपंक्षीको | संख्या | उत्पादनको संख्या र प्रकार |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |

१०. घरको बनौट

(क) आफ्नो ....................................

(ख) भाडा.......................................

(१) माटो ......................................

(२) सिमेन्ट....................................

(३) तल्ला ......................................

(४) भवनको क्षेत्र .............................

११.अन्य सम्पत्ती

(क) मोवाईल .........................................

(ख) टेलिभिजन....................................

(ग) मोटर साइकल ...............................

(घ) साइकल .....................................

(ङ) कम्प्युटर .......................................

तयार गर्नेको दस्तखत :
नामथर :
पद : .................
मिति : शाखा प्रमुख

# अनुसूची-९

## उद्यम समुहको बैठक

आज मिति ....................गतेका दिन यस उद्यम समुहको बैठक टोल बिकास संस्थाको अध्यक्ष...........................को अध्यक्षतामा देहाय बमोजिम छलफल गरि निर्णय गरियो ।

| उपस्थित | दस्तखत |
|---|---|

१.

२.

३.

४.

५.

प्रस्ताव नं. १ : व्यवसायको नामाकरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ : व्यवसायको मुख्य व्यक्ति छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : व्यवसायको नीतिनियम निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : स्व लगानी तथा ऋण माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ : उद्यम समुहको छाप बनाउने सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं.१ : यस व्यवसायको नाम ..................................................

............................राख्ने निर्णय गरियो

निर्णय नं.२ : यस व्यवसायको मुख्य व्यक्ति.............................................. .............................................राख्ने निर्णय गरियो ।

निर्णय नं.३ : यस व्यवसायको नितीनियम निम्नानुसार रहने निर्णय गरियो :

(क) व्यवसायलाई साझेदारीमा गर्ने, गराउने ।

(ख) नगरपालिकाबाट प्राप्त सल्लाह तथा निर्देशनको पालना गर्ने, गराउने ।

(ग) यदि समूह को कुनै सदस्यले ऋण नतिरेमा टोलको अध्यक्ष लगायत सबै सदस्यहरुले ऋण तिर्न दवाव दिने ।

(घ) यदि समूहको कुनै सदस्य भागेमा निजलाई समूहबाट अलग गरी बाँकी रकम निजको घर घरानाबाट असुल उपर गर्ने निर्णय गरियो ।

निर्णय नं.४. यस यद्यम सञ्चालन गर्नका लागि स्व लगानी रु.............................................................

र नपुग रकम नेपालगञ्ज उप-महानगरपालिकाबाट रु....................................................मा ग गर्ने निर्णय गरियो ।

निर्णय नं.५.उद्यम समूहको छाप बनाउने निर्णय गरियो ।

**आज्ञाले,**
**तोयनारायण सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**

**प्रमाणीकरण मिति : ईति संवत २०७५ साल बैशाख १५ गते रोज ७ शुभम् ।**